व्यास नगरकार्यपालिकाको २१७ औं बैठक आज मिति २०८२/०३/०४ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री काशीराम गैरे | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८२/०२/२१ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: ४३ औं नगर सभाको मिति, स्थान र समयको कार्यसूची सम्बन्धमा ।
प्रस्ताव नं.३: न्यायिक समितिको निर्णय कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.४: ४३ औं नगर सभामा पेश गरिने नीति कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.५: ४३ औं नगर सभामा पेश गरिने बजेट कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.६: व्यास नगर युवा परिषदका सदस्यहरुको मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.७: धान दिवस २०८२ मनाउने सम्बन्धमा ।
प्रस्ताव नं.८: आ.व.०८१/०८२ को जेष्ठ मसान्तसम्मको आयव्यय सम्बन्धमा ।
प्रस्ताव नं.९: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१०: सडक बालबालिका मुक्त नगरपालिका घोषणा सम्बन्धमा ।
प्रस्ताव नं.११: रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं.१२: समाजसेवी तथा बाल मनोविज्ञ सूचीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३ अत्यावश्यक र विपद्जन्य काम सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा यसअघि मिति २०८२/०२/२१ गते बसेको कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकीमा सम्बन्धित जिम्मेवार पदाधिकारीलाई कार्यान्वयनको निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४३ औं नगर सभा मिति २०८२/०३/१० गते बिहान व्यास ३ स्थित नगरपालिका सभा कक्षमा ठिक ११.०० बजे बस्ने गरी प्रकाशित कार्यसूचीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१० दुम्सी बस्ने श्री कल्पना आचार्यले छोरा कृष आचार्य र छोरी कृषा आचार्यको हकमा समेत आफू निवेदक भई सोही स्थान बस्ने एकाघरका पति तथा पिता श्रीकृष्ण आचार्य विरुद्ध मानाचामल भराई पाउँ भनी व्यास नगरपालिका न्यायिक समितिमा निवेदन माग गर्नु भई मिति २०८१/२/१७ गते निवेदकहरु प्रति व्यक्ति रु.५,०००। (पाँच हजार) का दरले तीन जनाले मासिक रु.१५,०००। (पन्ध्र हजार) प्रतिवादी श्रीकृष्ण आचार्यबाट भराई लिन पाउने ठहरी निर्णय भएकोमा सो निर्णय उपर श्री तनहुँ जिल्ला अदालतमा पुनरावेदन परी सम्मानित अदालतबाट पनि व्यास नगरपालिका न्यायिक समितिको निर्णय सदर गर्ने गरी अन्तिम फैसला भई फैसला कार्यान्वयन गरी पाउँ भनी निवेदक कल्पना आचार्यले मिति २०८२/०१/३० गते छोरा कृष आचार्य तथा छोरी कृषा आचार्यको हकमा समेत निवेदन दिनु भएकाले मुद्दाको अन्तिम फैसला भएपछि सो फैसला कार्यान्वयन गराउने दायित्व कार्यपालिकाको रहने कानुनी व्यवस्था रहेकाले निज प्रतिवादी श्रीकृष्ण आचार्य हाल श्री जनप्रेमी मा.वि. शुक्लागण्डकी नगरपालिका वडा नं.१२ मा अध्यापन गराउँदै आउनु भएकाले निजको पारिश्रमिकबाट मासिक रु.१५,०००। (पन्ध्र हजार) कटाई निवेदकहरु कल्पना आचार्य, कृष आचार्य र कृषा आचार्यको बैंक खातामा खानेलाउने मानाचामल खर्च उपलब्ध गराई दिन अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको ४३ औं नगर सभामा प्रस्तुत गर्ने प्रस्तावित नीति कार्यक्रमको बुँदागत छलफल गरी सभामा पेश गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको ४३ औं नगर सभामा प्रस्तुत गरिने यस नगरपालिकालाई प्राप्त हुने बजेट कार्यक्रमको संघ, प्रदेश समानीकरण, राजश्व बाँडफाँड, सशर्त (चालु, पूँजीगत) र शहरी विकास मन्त्रालयबाट कार्यान्वयन हुने योजनाहरु सम्बन्धमा जानकारी लिई अन्तिम प्रस्ताव तयार गर्न आज समय अभाव भएकाले २०८२ आषाढ ८ गते बिहान पुनः ७.३० बजे बैठक बस्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगर युवा परिषद्का लागि दरखास्त आव्हान गरिएकोमा ४६ जनाको दरखास्त पर्न आएकोमा प्रकृया नमिलेका ६ वटा फर्म रद्द गरिएको र ४६ जनाको नाम अनुमोदन गरी असार १५ भित्र दुई दिने अभिमुखीकरण तालिम सञ्चालन गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो । सहभागी बाँकी रहेका वडाहरुबाट मनोनयन गर्न नगर शिक्षा तथा सामाजिक विकास शाखा प्रमुखलाई जिम्मा दिने निर्णय गरियो ।

| क.सं. | नामथर | लिङ्ग | ठेगाना |
|---|---|---|---|

| क.सं. | नामथर | लिङ्ग | ठेगाना |
|---|---|---|---|
| १ | अभिजित लम्साल | पु. | व्यास नगरपालिका वडा नं. १ |
| २ | निराजन कंडेल | पु. | व्यास नगरपालिका वडा नं. १ |
| ३ | निश्चल रानाभाट | पु. | व्यास नगरपालिका वडा नं. १ |
| ४ | प्रमिश न्यौपाने | पु. | व्यास नगरपालिका वडा नं. १ |
| ५ | रोशनी सापकोटा | स्त्री | व्यास नगरपालिका वडा नं. १ |
| ६ | सुमन खड्का | पु. | व्यास नगरपालिका वडा नं. १ |
| ७ | दिलसारा सुनार | स्त्री | व्यास नगरपालिका वडा नं. २ |
| ८ | मुना आले | स्त्री | व्यास नगरपालिका वडा नं. २ |
| ९ | रोविन श्रेष्ठ | पु. | व्यास नगरपालिका वडा नं. २ |
| १० | सुमन रसाईंली | पु. | व्यास नगरपालिका वडा नं. २ |
| ११ | सिवानी बि.क. | स्त्री | व्यास नगरपालिका वडा नं. ३ |
| १२ | सुगत खनिया | पु. | व्यास नगरपालिका वडा नं. ३ |
| १३ | सन्देश श्रेष्ठ | पु. | व्यास नगरपालिका वडा नं. ३ |
| १४ | सफल पौडेल | पु. | व्यास नगरपालिका वडा नं. ३ |
| १५ | सरोज घर्ति | पु. | व्यास नगरपालिका वडा नं. ५ |
| १६ | सन्योस ओझा | पु. | व्यास नगरपालिका वडा नं. ६ |
| १७ | विकास गुरुङ्ग | पु. | व्यास नगरपालिका वडा नं. ६ |
| १८ | सरिता सार्की | स्त्री | व्यास नगरपालिका वडा नं. ७ |
| १९ | शैलेन्द्र घिमिरे | पु. | व्यास नगरपालिका वडा नं. ७ |
| २० | शोभाश मिश्र | पु. | व्यास नगरपालिका वडा नं. ७ |
| २१ | सुस्मिता मिश्र | स्त्री | व्यास नगरपालिका वडा नं. ८ |
| २२ | सजन मिश्र | पु. | व्यास नगरपालिका वडा नं. ८ |
| २३ | संगम थापा | पु. | व्यास नगरपालिका वडा नं. ९ |
| २४ | सोनम थापा | पु. | व्यास नगरपालिका वडा नं. ९ |
| २५ | रोशन थापा | पु. | व्यास नगरपालिका वडा नं. ९ |
| २६ | रोशनी कुंवर | स्त्री | व्यास नगरपालिका वडा नं. १० |
| २७ | किशोर न्यौपाने | पु. | व्यास नगरपालिका वडा नं. १० |
| २८ | तुलसी रिजाल | पु. | व्यास नगरपालिका वडा नं. १० |
| २९ | सम्वत आचार्य | पु. | व्यास नगरपालिका वडा नं. १० |
| ३० | संगम पौडेल | पु. | व्यास नगरपालिका वडा नं. १० |
| ३१ | सन्दिप घर्ति | पु. | व्यास नगरपालिका वडा नं. १० |
| ३२ | रवि अधिकारी | पु. | व्यास नगरपालिका वडा नं. १० |
| ३३ | ममता कुंवर | स्त्री | व्यास नगरपालिका वडा नं. १० |
| ३४ | विजय थापा मगर | पु. | व्यास नगरपालिका वडा नं. १० |
| ३५ | विवेक पौडेल | पु. | व्यास नगरपालिका वडा नं. १० |
| ३६ | अस्मिता सापकोटा | स्त्री | व्यास नगरपालिका वडा नं. १० |
| ३७ | अंकित बि.क. | पु. | व्यास नगरपालिका वडा नं. १० |
| ३८ | अदिना रुचाल | स्त्री | व्यास नगरपालिका वडा नं. ११ |
| ३९ | करन नेपाली | पु. | व्यास नगरपालिका वडा नं. ११ |
| ४० | सरुन रम्तेल | पु. | व्यास नगरपालिका वडा नं. ११ |
| ४१ | सन्दिप अधिकारी | पु. | व्यास नगरपालिका वडा नं. १२ |
| ४२ | सागर पाण्डे | पु. | व्यास नगरपालिका वडा नं. १३ |
| ४३ | अनुप पन्थ | पु. | व्यास नगरपालिका वडा नं. १३ |
| ४४ | अनिशा परियार | स्त्री | व्यास नगरपालिका वडा नं. १३ |
| ४५ | अविनाश पन्थ | पु. | व्यास नगरपालिका वडा नं. १४ |
| ४६ | सेर बहादुर गुरुङ्ग | पु. | व्यास नगरपालिका वडा नं. १४ |

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा आगामी असार १५ गते हुने धान दिवस व्यास - ९ गजौंडेमा गर्ने गरी ९ नं. वडा कार्यालय, कृषि ज्ञान केन्द्र तनहुँ र सुनौलो गोरेटो सहकारी संस्थासँग सहकार्य गरी कार्यक्रम व्यवस्थापन गर्न कृषि पशुपंक्षी तथा सहकारी विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा आ.व.०८१/०८२ को आम्दानीमा ०८२ जेष्ठ मसान्तभित्र दमौली सभा हल सञ्चालनबाट रु.३,२५,८४५।१६, कलेस्ती शिशाघाटतर्फ ढुंगा, गिटी, वालुवा बिक्रिबाट कुल रु.७०,३३,७५०। समेत कुल आन्तरिक आय रु.१२,८१,५७,७२०/५३ भई जम्मा रु.२,१०,३५,४३,०००। को आयव्यय अनुमान गरिएकोमा हालसम्म संघ, प्रदेश र आन्तरिक आय समेतबाट ५६ प्रतिशत मात्र आय भएको, चालुतर्फ ७५ प्रतिशत, पूँजीगततर्फ कुल योजनामा २५ प्रतिशत, विश्व बैंकको ठूलो आयोजना बाहेकका ४१ प्रतिशत भौतिक तथा वित्तीय प्रगति भएको बैठकमा जानकारी प्राप्त गरियो, आय तथा व्ययतर्फ अपेक्षित क्षेत्रमा सुधार गर्न सम्बन्धित शाखा एवं उपभोक्ता समिति, निर्माण व्यवसायीलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा वडा नं.९ मा हरियाली प्रवर्द्धनमा निनियोजित बजेट सि.नं.२३८ ( शीर्षक नं.२२२) मा रहेको रकम हाल सोही विषयमा खर्च गर्न ढिलाई भएकाले सो रकमम वडा कार्यालय भवनको मर्मत कार्यमा लगाउने व्यवस्था गर्ने गरी शिर्षक परिवर्तन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा सडक बालबालिकामुक्त वडा, स्थानीय तह र प्रदेश घोषणा कार्यविधि अनुसार सबै वडाहरुमा ७ दिने सूचना प्रकाशन गरी आ-आफ्ना वडामा सडक बालबालिका भए नभएको जानकारी लिई नगरपालिकामा प्रतिवेदन दिन व्यास नगरपालिकाका सबै वडा कार्यालयलाई निर्देशन दिने र समन्वयका लागि शिक्षा तथा सामाजिक विकास शाखालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा निम्न काम सम्पन्न भएका सम्बन्धित शीर्षमा बजेट अभावले भुक्तानी हुन बाँकी योजना तथा कार्यहरुमा निम्नानुसार रकमान्तर गरी भुक्तानी व्यवस्था मिलाई अनुमोदनका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

रकमान्तर

आ.व. : २०८१/८२ रकमान्तर : रकममान्तर का पा वैठक

घटाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | गत आ.व.०८०÷०८१ को दायित्व-१४७ | 22529 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २६,००,०००.०० | |
| २ | ८०४३८४०३१०१ | भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासी जग्गा दर्ता र जग्गा वर्गीकरण समेत - १३२ | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ७,००,०००.०० | |
| ३ | ८०४३८४०३१०१ | जनप्रतिनिधि दैनिक भ्रमण भत्ता-६ | 22612 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४,००,०००.०० | |
| ४ | ८०४३८४०३१०१ | सरसफाई व्यवस्थापनमा पूर्वाधार निर्माण, खरिद-७६६ | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ३०,००,०००.०० | |
| | | | | | | | | ६७,००,०००.०० | |

बढाउने

| क्र.सं. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३८४०३१०१ | गत आ.व.०८०÷०८१ को दायित्व-१४७ | 22529 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | ७,००,०००.०० | |
| २ | ८०४३८४०३१०१ | कर्मचारी दैनिक भ्रमण भत्ता -१७ | 22612 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ४,००,०००.०० | |
| ३ | ८०४३८४०३१०१ | विविध फुटकर कार्यक्रमहरु (बोर्डबाट निर्णय चालु प्रकृतिका)-५६ | 22529 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १०,००,०००.०० | |
| ४ | ८०४३८४०३१०१ | उज्यालो नगरपालिका अन्तर्गत सडक बत्ती व्यवस्थापन-७७६ | 31153 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १०,००,०००.०० | |
| ५ | ८०४३८४०३१०१ | भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासी जग्गा दर्ता र जग्गा वर्गीकरण समेत - १३२ | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ७,००,०००.०० | |
| ६ | ८०४३८४०३१०१ | विपद व्यवस्थापन कार्यक्रम (पूँजीगत तर्फका)-नयाँ | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २०,००,०००.०० | |
| ७ | ८०४३८४०३१०१ | राजश्व सुधार एवं अध्ययन कार्यक्रम - ३६ | 22411 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ४,००,०००.०० | |
| ८ | ८०४३८४०३१०१ | असहाय तथा राहत कोष-४८ | 27212 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ५,००,०००.०० | |

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकामा मानसिक समस्यामा परेका बालबालिकालाई मनोसामाजिक परामर्श दिन समाजसेवी तथा बालमनोविज्ञ सूचीकरणका लागि १५ दिने सूचना जारी गरी कार्य गर्न शिक्षा तथा सामाजिक विकास शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा विपदजन्य एवं तत्काल मर्मत सम्भार गर्नुपर्ने निम्न लिखित विषयमा बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | राष्ट्रिय महिला अधिकार दिवस कार्यक्रम खर्च | | ८०,६००।- | ११६ |
| २. | मानुङ्गकोट बाटो मर्मत सम्भार | ५ | १,५०,०००।- | मर्मत कोष |

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| ३. | देश दर्पण साप्ताहिक विज्ञापन सहयोग | | १०,०००।- | ३७ |
| ४. | अन्तर मा.वि. फुटबल प्रतियोगिता | | ३०,०००।- | ११४ |
| ५. | खानेपानी पाइप तथा हिलटेंक खरिद (माधवप्रसाद पौडेल) | १३ | ३०,०००।- | ८४५ |
| ६. | आयुष परियार विपन्न उपचार खर्च | ११ | २०,०००।- | ६१ |
| ७. | ट्राफिक सप्ताह विविध कार्यक्रम सहयोग | | ६०,०००।- | ६९ |
| ८. | जुनियर तथा यूवा जिल्ला रेडकस कार्यक्रम सत्यवती मा.वि. २ | | ४०,०००।- | १२० |
| ९. | वडा कार्यालय परिसरमा ब्लक हाल्ने काम | १२ | १,०५,०००।- | ८९३ |
| १०. | उपल्लो अलैंचे खानेपानी मोटर खरिद | ५ | ६०,०००।- | ८४५ |
| ११. | रोशनी कुंवर स्नातक छात्रवृत्ति सहयोग | १० | १०,०००।- | ८३ |
| १२. | स्वाग्दी गोल्ला खानेपानी पाइप खरिद | १२ | ४०,०००।- | ८४५ |
| १३. | पराशर मा.वि. खानेपानी व्यवस्थापन पाइप खरिद | ५ | ३०,०००।- | ८४५ |
| १४. | कमला अच्छामी उपचार सहयोग | ९ | २०,०००।- | ६१ |
| १५. | धान दिवस २०८२ कार्यक्रम व्यवस्थापन | ९ | ५०,०००।- | १३२ |

***